दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १०५ | बुटवल | २०८१ चैत २९, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Apr. 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## चट्याङले एक बालिकाको मृत्यु

बुटवल । बुधबार राति हावाहुरीसहित परेको वर्षा र चट्याङले लुम्बिनी प्रदेशमा एक जनाको मृत्यु भएको छ भने केही भवनहरुमा क्षति पुगेको छ । चट्याङ लागेर रोल्पा नगरपालिका १० कुटिबाङ घर भई रोल्पाकै सुनिलस्मृति गाउँपालिकास्थित आफन्तको घरमा बस्न गएकी १५ वर्षीया किशोरीको मृत्यु भएको छ । प्रदेश प्रहरी कार्यालय प्रमुख डीआइजी दानबहादुर कार्कीका अनुसार बाँकेको वनकट्टास्थित इलाका प्रहरी कार्यालयको तीनकोठे भवनको टिनको छाना, पाल्पाको बल्डेङगढीस्थित वडा कार्यालयको भवनको टिनको छानो हावाहुरीले उडाइदिएको छ । ती दुबै भवनमा तत्काल बस्न सक्ने अवस्था नरहेका कार्कीले जनाए ।

बिहीबार बिहान ८ बजेसम्म प्राप्त जानकारी अनुसार बर्दियाको मधुवन नगरपालिका १ स्थित शंकर रावलको फुसले छाएको एक तले घरको दुई कोठामा चट्याङ परेर आगलागी भई जलेको डीआइजी कार्कीले बताए । यस्तै पाल्पा तानसेन वडा नं. ६ मा सञ्चालित महोत्सवमा रहेका स्टलहरु हावाहुरीले भत्काइदिएको छ। प्रदेशका १२ वटै जिल्लामा हावाहुरी, वर्षा र चट्याङले पुराएको क्षतिको विवरण संकलनको काम भइरहेको डीआइजी कार्कीले जानकारी दिए ।

## गोर्खाबाट जितगढी आउँदै सेनाको पदयात्रा

बुटवल । गोरखा दरबारदेखि जितगढीसम्मको एकीकरण मार्गमा नेपाली सेनाको पदयात्रा सुरु भएको छ। बिहीबार गोरखा दरबारको हनुमान भञ्ज्याङबाट तेस्रो संस्करणको पदयात्रा सुरु भएको हो ।

यात्रामा रिपुमर्दन गणका ४८ जनाको टोली सहभागी छन् । उनीहरूलाई बिहीबार एक कार्यक्रमकाबिच टर्च लाइट दिएर बिदाइ गरिएको छ ।

साथमा तत्कालीन समयमा पृथ्वीनारायण शाहले खडा गरेको पाँच पल्टन (पुरानो गोरख, कालीबक्स, बर्दवाणी, सवुज र श्रीनाथ) को झन्डा पनि हस्तान्तरण गरिएको रिपुमर्दन गणका गणपति अशोककुमार क्षेत्रीले बताए ।

पश्चिम पृतना पोखराका पृतनापति उपरथी मधुकर सिंह कार्की, श्री नं. ३ बाहिनीपति सहायकरथी नुरेन्द्र मल्ल, गोरखा नगरपालिकाका मेयर कृष्ण राना, उपमेयर मसलीमाया थोकर, प्रमुख जिल्ला अधिकारी पुण्यबिक्रम पौडेललगायतले झण्डा र टर्च लाइट हस्तान्तरण गरेर यात्राका टोलीलाई बिदाई गरेका हुन् ।

पदयात्रा तनहुँ, पाल्पा हुँदै जितगढी पुगेर टुंगिने छ । गोरखाको टोलीले पालुङटारको सतिघाट पुगेर तनहुँलाई झन्डा र टर्च हस्तान्तरण गर्नेछ । तनहुँले पाल्पालाई र पाल्पाले रुपन्देहीलाई बुझाउने गणपति क्षेत्रीले जानकारी दिए ।

रुपन्देहीको टोली बैशाख ६ गते जितगढीमा पुगेर विजय उत्सवमा सहभागी हुने उनको भनाइ छ। तत्कालीन ब्रिटिस इस्ट इन्डिया कम्पनीबिच भएको लडाइँमा विजय प्राप्त गरेको दिन (७ बैशाख) लाई विजय उत्सवको रूपमा मनाउँदै आएको उनले बताए। कुल दुई सय सात किलोमिटरको दुरी आठ दिनमा तय गरिने उनले जानकारी दिए ।

ऐतिहासिक कोट, गढी, किल्लाहरूको संरक्षण गर्दै इतिहासको जगेर्ना गर्ने पदयात्राको उद्देश्य रहेको बताइएको छ भने पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# आर्थिक विकास र समृद्धिका लागि सरकार निजी क्षेत्र सँगै छः प्रधानमन्त्री




**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री केपी शर्मा ओलीले देशको आर्थिक विकास र समृद्धिका लागि सरकार र निजी क्षेत्र सँगसँगै रहेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघको ५९औं वार्षिक साधारणसभा तथा उद्योग दिवस २०८१ को उद्घाटन गर्दै उनले सो धारणा व्यक्त गरेका हुन् ।

प्रधानमन्त्री ओलीले सरकारले निजी क्षेत्रका सुझावहरूलाई गम्भीरतापूर्वक लिएको र तदनुरुप नीतिगत सुधार गर्दै देशमा लगानीमैत्री वातावरण सिर्जना गर्दै गइरहेको धारणा राखेका थिए। उनले भने-"सरकारले निजी क्षेत्रसँग साझेदारीमा काम गर्न पूर्णरूपमा प्रतिबद्ध छ । निजी क्षेत्रकै सुझावका आधारमा पछिल्ला नीतिगत सुधारहरु गरेका छौं । देश विकास सबै मिलेर गर्ने हो । हामी सहकार्यको त्यो नमूनामा काम गरिहेका छौं ।"

प्रधानमन्त्री ओलीले वर्तमान सरकार नीतिगत स्थिरता र स्थायित्वका लागि काम गरेको बताए । उनले लगानीको वातावरण सुधार गर्न विभिन्न कानुनहरूमा महत्वपूर्ण परिवर्तनहरू गरेको र यी कानुनी सुधारहरूको उद्देश्य पारदर्शिता बढाउने, प्रक्रियागत झन्झटहरू कम गर्ने र स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको विश्वास बढाएको औंल्याए। उनले सरकारलाई सही सुझाव दिन आन्दोलन गरिरहनु नपर्ने बताउँदै जनतालाई सहज र सरल रुपमा सेवा दिन तीनै तहका सरकार प्रतिबद्ध रहेको बताए ।

यसैगरी प्रधानन्त्री ओलीले देश विकासको लागि सरकारको एकल प्रयास मात्र पर्याप्त नहुने बताउँदै देशमा पूर्वाधार विकास तथा ठूला परियोजनाहरुका लागि स्रोतको प्रबन्ध गर्न महासंघको पहमा नेपाल डेभलप्मेन्ट पब्लिक लिमिटेड (एनडीपीएल) कम्पनी स्थापना राम्रो सराहनीय कुरा भएको बताए । यस्ता प्रयासले अर्थतन्त्रलाई आत्मनिर्भरतातर्फ, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन र राष्ट्रिय स्वाभिमान निर्माण गर्ने उनले दाबी गरे ।

उनले निजी क्षेत्रको छाता संगठनको रूपमा रहेको महासंघले औद्योगिक तथा व्यवसायिक समुदायको व्यवसाय प्रवर्द्धनमा मात्र नभई नेपालको आर्थिक विकास र समृद्धिलाई अघि बढाउन आफ्नो सक्रिय भूमिका निर्वाह गरेको उल्लेख गर्दै सरकार र निजी क्षेत्र अहिले देशको आर्थिक विकास र समृद्धिका लागि सँगै अघि बढेको बताए ।

**तुलनात्मक लाभका वस्तु र प्रतिस्पर्धी क्षमता विस्तारमा जोड दिनु पर्ने : परराष्ट्र मन्त्री राणा**

सोही अवसरमा बोल्दै परराष्ट्र मन्त्री आरजु राणा देउवाले सिंगो सरकार नै देशको समग्र आर्थिक विकास र समृद्धिका लागि काम गरिरहेको बताइन् ।

उनले मुलुकको आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहेको उल्लेख गर्दै नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्ने प्रमुख उद्देश्य राखेर काम गर्नु पर्ने बताइन् । यसका लागि सरकार र निजी क्षेत्र मिलेर देशभित्र भएका स्रोत साधनको अधिकतम रुपमा प्रयोग गरी विकासको गति तीव्र बनाउनुपर्ने उनको धारणा थियो ।

**उद्योग क्षेत्रको विकास सरकारको उच्च प्राथमिकतामा : उद्योग मन्त्री**

यसैगरी सोही अवसरमा बोल्दै उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकास सरकारको उच्च प्राथमिकतामा रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ सरकारको महत्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले विकास र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सरकार र निजी क्षेत्रबिचको सहकार्य अपरिहार्य रहेको जनाए ।

**आर्थिक समृद्धि र विकासको नेतृत्व निजी क्षेत्रले गर्नुपर्ने : अध्यक्ष ढकाल**

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक समृद्धि र विकासको नेतृत्व निजी क्षेत्रले गर्नुपर्ने बताएका छन् ।

उनले सरकारले अघि सारेको समृद्धिको लक्ष्य पूरा गर्न निजी क्षेत्रले निर्वाध रुपमा काम गर्न पाउने विषय पहिलो प्राथमिकता हुनुपर्ने औंल्याए। अर्थतन्त्र, विकास र समृद्धिमा राजनीतिक दलहरुको साझा धारणा बनाउनु पर्नेमा अध्यक्ष ढकालको जोड थियो ।

पछिल्लो पटक भएका नीतिगत सुधारले सकारात्मक संकेत गरेको उल्लेख गर्दै उनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेटलाई सुधारको प्रस्थान बिन्दुका रुपमा ल्याउनु पर्नेमा जोड दिए।

**निजी क्षेत्रलाई साक्षीका रुपमा मात्र नभई सहयात्रीको रुपमा हुर्ने पर्ने : वरिष्ठ उपाध्यक्ष श्रेष्ठ**

यस्तै कार्यक्रममा बोल्दै महासंघको सरकारले निजी क्षेत्रलाई साक्षीका रुपमा मात्र नभई सहयात्रीको रुपमा हुर्ने पर्ने धारणा राखेका थिए ।

उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्रको सहकार्य अपरिहार्य भएको बताउँदै सरकारले गरेका नीतिगत सुधार सकारात्मक भए पनि कार्यान्वयनमा हुने ढिला सुस्तिले विश्वासमा संकट आउने स्पष्ट पारेका थिए ।

गौतमबुद्ध विमानस्थलको सकस :

# सिद्धार्थनगरका मेयरले पठाए विभागीय मन्त्रीलाई पत्र





सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माननीय मन्त्रीज्यू,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
विषय: गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल संचालन सम्बन्धमा ।
मिति : २८ चैत २०८१
इश्तियाक अहमद खाँ

**लुम्बिनी संवाददाता**
*भैरहवा*

उद्घाटनको तीनवर्षसम्म विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेपछि सरोकारवाला सरकारी निकायमाथि निरन्तर दबाब सिर्जना भइरहेको छ । रुपन्देहीका तीन व्यवसायिक संस्थाले चरणबद्ध आन्दोलन घोषणा गरेका छन् भने रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्री पाण्डेलाई पत्राचार गर्दै विमानस्थल सञ्चालनको सार्थक र प्रभावकारी कदम चाल्न आग्रह गरेका छन् ।

उद्घाटनको तीन वर्ष बितिसक्दा पनि विमानस्थल सञ्चालनमा आउन नसक्नु दुःखद र पीडादायी रहेको उल्लेख गर्दै उनले शिघ्र अन्तर्राष्ट्रिय उडान नियमित गराउन मन्त्री पाण्डेको ध्यानाकर्षण गराएका हुन् । 'विमानस्थल बनाउन यहाँका नगरवासीले आफ्नो पुर्ख्यौली थातथलो समेत छाडेर जग्गा दिए, समयमै निर्माण सम्पन्न गर्न पनि महत्वपूर्ण सहजीकरण गरे,' उनले पत्रमा भनेका छन्-'तर निर्माण सम्पन्नपछि पनि नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा नगरवासी, उद्योगी-व्यापारीलगायत सिंगो रुपन्देहीसहित लुम्बिनी प्रदेशसमेत प्रभावित भएको छ, निजी क्षेत्र र नागरिकस्तरमा देखिएको उत्साह क्रमः निराशामा बदलिंदै गएको छ ।'

नेपालका धैरै दुरगामी महत्वलाई हेरेर विमानस्थल भैरहवामा बनाउने निर्णय भएको उल्लेख गर्दै उनले यो विमानस्थल लुम्बिनी प्रदेश र पश्चिम नेपालकै जनताहरुको विकास र समृद्धिसँग जोडिएको बताएका छन् । उनले विमानस्थललाई मध्यनजर गर्दै अर्बौं रकम ऋण सहयोग लिएर तयार भएकोमा हाल यो विमानस्थललाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरु, चार लेनका सडकहरु, तारे होटलहरुमा अर्बौं-खर्बौं रुपैयाँ निजी क्षेत्रले लगानी समेतलाई मध्यनजर गर्दै विमानस्थल सञ्चालनको विकल्प नरहेको समेत जनाए । 'नियमित अन्तर्राष्ट्रिय उडान हुन लागेको विमानस्थललाई अझैं व्यवस्थित गरी पूर्णक्षमतामा चलाएर यो क्षेत्रलाई चलायमान बनाउनुपर्नेमा सरकारले ८ महिना पहिला विमानस्थल सञ्चालन गर्नका लागि गरेका निर्णयहरु पनि कार्यान्वन नगर्दा झनै निराशा र चिन्ता थपिएको छ,' उनले भने-'अत्यावश्यक कार्यालय पनि नखोल्ने, विमान कम्पनीलाई दिने भनिएको छुट सुविधा पनि नदिएको हुँदा यहाँको सिंगो निजी क्षेत्र आक्रोशित छ, जुन स्वभाविक पनि हो ।'

पछिल्लो समय केही महिना उडान गरेका विमान कम्पनीले समेत उडान रोक्दा विमानस्थल सुनसान भएको र विमानस्थल निर्माणका क्रममा गरिएको अर्बौं लगानीलाई समेत सुरक्षित गर्न तत्काल अन्तर्राष्ट्रिय उडानका तालिका बनाई पूर्णक्षमतामा सञ्चालनमा ल्याउन उनले आग्रह गरेका छन् । निजी क्षेत्रले विमानस्थल सञ्चालनका लागि दिँदै आएको दबाब स्वभाविक रहेको जनाउँदै उनले यसलाई गम्भीरतापूर्वक लिएर विमानस्थल सञ्चालनका लागि सार्थक प्रयास नभएमा आफू एवं सिंगो पालिकाले नै नेतृत्व गरेर दबाब सिर्जना गर्न बाध्य हुने अवस्था सिर्जना नगराउन समेत उनले सचेत गराएका छन् ।

यसअघि सिद्धार्थ उद्योग वाणिज्य संघ, सिद्धार्थ सञ्जाल रुपन्देही र चेम्बर अफ कमर्स रुपन्देहीले बुधबार भैरहवामा पत्रकार सम्मेलन गरी चरणबद्ध आन्दोलनका कार्यक्रमहरुको घोषणा गरेका थिए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रणालीप्रति अपनत्व जगाउने बेला

संघीय शासन प्रणाली स्थापना भएपछि स्थानीय तह नागरिकको घरदैलोको सरकार हो। संविधानले स्थानीय तहलाई सेवा प्रवाहको केन्द्र मानेको छ। संवैधानिक प्रबन्धअनुसार, प्रदेश सरकार मझौला विकास आयोजना अघि बढाउने तथा स्थानीय र संघीय सरकारबिच पुलको काम गर्ने सरकार हो।  संघसरकारलाई वैदेशिक सम्बन्ध कायम गर्दै ठूला विकास आयोजना अघि बढाउने जिम्मेवारी छ। संघीय शासन प्रणालीको मर्म भनेको तहगत सरकारबिच समन्वय र सहकार्य हो।

तहगत सरकारबिच समन्वय र सहकार्यको अभावले कतिपय समस्या आएका छन्। जसले सेवा प्रवाहमा समस्या आएको छ। विकासको प्रतिफल पाउन कठिन भइरहेको छ। कतिपय कानुन नबन्दा स्थानीय र प्रदेश सरकारलाई अप्ठ्यारो भएको छ। संघीय सरकारले बनाउनुपर्ने कानुन नबनाउँदा प्रदेश सरकारले बनाएका कानुन कार्यान्वयनमा असहज भएको छ। संघीय निजामति ऐन नबन्दा लुम्बिनी प्रदेश सरकारले बनाएको प्रदेश निजामति ऐन कार्यान्वयन हुन सकेको छैन। संघीय निजामति ऐनको अभावले प्रदेश र स्थानीय तहमा कर्मचारी पदपूर्तिमा समस्या भएको छ। संघीय प्रहरी ऐन नबन्दा प्रदेशमा प्रहरी समायोजन कठिन भएको छ। प्रदेशको शान्ति सुरक्षाको जिम्मा संविधानले प्रदेशलाई दिएको छ। प्रदेशको आन्तरिक मामिला मन्त्रालयको कामको दायरा फराकिलो बन्न सकेन्।

संघीय शासन प्रणाली नागरिकका इच्छा आकांक्षालाई छिटो पूर्ति गर्नका लागि हो। विकासको प्रतिफल छिटो उपलब्ध गराउनका लागि हो। आम नागरिकले शासन प्रणालीप्रतिको अपनत्व तहगत सरकारबिच हुने समन्वय र सहकार्यले मात्रै हुन सक्छ। तहगत सरकारका एकल अधिकार र साझा अधिकारका सूची छन्। साझा अधिकारका सूची कार्यान्वयनमा समन्वय र सहकार्य जति आवश्यक छ, एकल अधिकारका सूची कार्यान्वयनमा पनि उत्तिकै आवश्यक छ।

बेलैमा कानुन नबन्दा अहिले शिक्षक आन्दोलनमा छन्। शिक्षा ऐन बेलैमा बनेको भए शिक्षक विद्यालय बन्द गरेर आन्दोलनमा जाने थिएनन्। गुठी ऐन नबन्दा मोही किसानका वर्षौंदेखिका समस्या छन्। उनीहरु पनि आन्दोलनमा छन्। आन्दोलन नगरी कानुन बन्दैन भन्ने मानसिकता हावी हुने हो भने कानुनका लागि निरन्तर आन्दोलन हुन्छन्। संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन निर्माण संसदको प्राथमिकतामा किन परेन ? लामो समयदेखि संसद पुगेका विधेयक किन अघि बढ्न सक्तैनन् ? कानुन निर्माणका लागि सरकारले लिएको पहलकदमी किन कामयावी हुन सकेन् ? यी प्रश्नको उत्तर खोज्दै अघि बढ्दा नै व्यवस्था विरोधी माहौल कमजोर बन्छ। संविधान कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा संघीय शासन प्रणाली संस्थागत हुन सकिरहेको छैन। संविधान कार्यान्वयनलाई सहज बनाउने कानुनले हो। व्यवस्था विरोधीलाई कमजोर बनाउने संविधानको प्रभावकारिता बढाएर नै हो।

# नेप्से ५.५७ अंकले घट्यो



काठमाडौँ। साताको अन्तिम कारोबारको दिन सेयर बजार परिसूचक (नेप्से) ५.५७ अंकले घटेको छ। बिहिबार उक्त अंकले घट्दा नेप्से २६७०.७० विन्दूमा झरेको छ।

बुधबार सेयरबजार परिसूचक (नेप्से) १३.९० अंकले बढेको थियो। उक्त अंकले वृद्धि हुँदा नेप्से २६८०.५२ विन्दूमा पुगेको थियो।

साथै बिहीबार परिसूचक घटे पनि कारोबार भने बढेको छ। बुधबार परिसूचक बढे पनि कारोबार भने घटेको थियो। बिहीबार ५ अर्ब ६३ करोड ७९ लाख रुपैयाँ बराबरको सेयरकारोबार भएको छ। हिँजो ४ अर्ब ४८ करोड ४६ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो। कारोबारमा आएका ११३ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १३१ वटा कम्पनीको घटेको छ। एउटा कम्पनीको स्थीर रहेको छ।

विकास बैंक, हाइड्रोपावर, लघुवित्त र म्युचुअल फण्डको सेयर बढेको छ भने वाणिज्य बैंक सहकारी होटल व्यवसायलगायत क्षेत्रको सेयर घटेको छ।

# फेरि पनि सावधान बनौं



**विन बहादुर कुँवर**

दरबारिया भन्दा अहिलेका यी सबै घायल झन बढी खतरनाक हुन सक्छन्। कुनै कारण फेरि यी सबै जागे भने यी सबैको पहिलो आक्रमण, झम्टाई र निशाना ओली-देउवा र प्रचण्ड-माधवहरुमाथि नै हुनेछ। अहिले यी सबै प्रतिगामीहरुलाई घायल पार्ने काम यी तिनै नेताहरू ओली-देउवा र प्रचण्डहरूबाट नै भएको छ। अब फेरि पनि यिनीहरुमाथि दया माया गरी औंलो दिँदा अब डुडुल्लो मात्रै होइन सिंगै टाउको शरीर नै निलिदिनेमा यही कोही पनि पर्ने छैनन्। फेरि पनि सचेत र सावधान बनौं।

कुनै बेलाका दुई चर्चित सञ्चारकर्मी रवि लामिछाने र रविन्द्र मिश्र अहिले सरकारी कारागार र प्रहरी हिरासतमा छन्। रवि लामिछाने सहकारी रकम ठगी मुद्दामा रुपन्देहीको भैरहवा जेलमा छन् भने रविन्द्र मिश्र गत चैत १५ को तोडफोड, लुटपाट र आगजनी घटनाको छानविनका लागि गिरफ्तारीमा परेका हुन्। रवि कुनै बेला नेपाल छोडी अमेरिकामा बस्दै आएका थिए भने रविन्द्र बीबीसी नेपाली सेवामा कार्यरत बेलायतमा बस्दै आएका थिए। दुवैको पहिलो मुख्य पेशा मिडियाकर्मीमा आधारित थियो। दुवैको समाचार प्रस्तुति अत्यन्त आकर्षक र जोडदार रहने गरेको थियो। त्यसैले यी दुवै छोटो समयमै आम जनताका लागि अत्यन्त प्रिय पात्र बन्न सफल भए। तर एकाएक यी दुवै मिडिया छोडी राजनीतिमा सक्रिय भए। दुवैले कथित वैकल्पिक शक्तिको नाममा दुई अलगअलग पार्टी पनि निर्माण गरे। संसदीय निर्वाचनमा पनि सहभागी भए। अहिले पछिल्लो कालमा भने रविन्द्र पुराना पञ्चे, मण्डले र दरबारियाहरुको पुरानो दल राप्रपामा प्रवेश गरी त्यसको वरिष्ठ उपाध्यक्ष भइबसेका छन्। तर रवि लामिछाने भने आफ्नै दल रास्वपाका सभापति भई पटकपटक यो देशमा उपप्रधानमन्त्री तथा गृहमन्त्री समेत भई आएका छन्। तर विडम्बना आज यी दुवै फौजदारी अपराध मुद्दामा गिरफ्तार र थुनुवामा छन्। चोक्टा खान आएकी बुढी झोलमा डुबी भने जस्तै मिडिया जगतबाट नाम दाम सबै कमाउँदै आएका यी दुवै आज यही राज्य व्यवस्थाको आहालमा आई डुब्ने अवस्थामा छन्।

रवि लामिछानेको गिरफ्तारी र थुनुवा वा त्यस्तै रविन्द्र मिश्रको गिरफ्तारी र छानविनबारे अहिले विभिन्न टिकाटिप्पणी हुने गरेको छ। व्यक्तिको मानव अधिकार हनन भएको र व्यक्तिगत पूर्वाग्राही साधेको आदि भन्दै मानव अधिकार आयोगमा समेत उजुरी गरिएको छ। कुन त्यस्तो राज्य सत्ता छ जसले अपराधीलाई दया माया गरी राखिरहने। यो कथित मानवअधिकार आयोग पनि यही राज्य सत्ताकै एउटा निकाय हो। जसले पीडितहरुलाई न्याय दिन्छ भन्ने के ग्यारेन्टी छ ? तैपनि केही दिन मन शान्त र भूल्याउन घण्टी पार्टीका नेताहरुले आयोगमा गई बिन्ती भाउ बिसाएर राम्रै भयो। राजनीति भनेकै हिंसा र वर्ग संघर्ष हो। हरेक राज्य सत्ताको विजारोपण र जन्म नै हिंसाबाट नै भएको हो। त्यसैले कसरी हिजो रवि र मिश्रले राजनीतिलाई बुझेर सञ्चारमिडिया जगतलाई छोडी यहाँ आए बल्ल अहिले बुझ्दैछन्। राजनीति भनेको के रहेछ ? यो सामन्ती, दलाल, नोकरशाही र बुर्जुवा राज्य व्यवस्था र सत्ता हो जहाँ अनेक खाले षड्यन्त्र, जालझेल, दमन, अन्याय, अत्याचार र हिंसा हुनु स्वाभाविक नै छ। हिजो रविलाई प्रधानमन्त्रीको अफर गर्ने कांग्रेसी अनि हिजो उपप्रधानमन्त्री र गृहमन्त्री नै बनाउने यतिसम्मकी दुनियाँले रवि सहकारी ठग भनी छानविन आयोगको माग गरिरहँदा त्यसको विरोध गरी रवि निर्दोष ठान्ने प्रम ओली आज एकाएक उनकै विरुद्ध जाई लाग्दै अन्ततः उनलाई जेलमै हाल्न सफल भएका छन्। त्यसैले यस्तो राज्य व्यवस्थाअन्तर्गत राजनीति गर्ने भनेको त्यस्तै हो जहाँ अनेक जालझेल, षड्यन्त्र, हत्या, हिंसा र दमन हुन्छ। जबसम्म समाजमा वर्ग रहिरहन्छ त्यहाँ यस्तो वर्ग संघर्ष चलिरहन्छ। त्यसैले क. माओ भन्छन्-राजनीतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ। जुन दृश्य गत चैत १५ मा तिनकुने क्षेत्रमा देखियो। यही चैत १५ कै हिंसालाई लिएर रविन्द्र मिश्र र सांसद धवल समशेरलगायत केहीलाई सरकारले गिरफ्तार गरी छानविन गरी मुद्दा चलाउँदै छ। तर यस घटनाका मुख्य नायक पूर्व राजा ज्ञानेन्द्रलाई भने अहिले समेत सरकारले केही गर्न सकिरहेको छैन।

यसका अर्का नायक तथा त्यसका कमाण्डर दुर्गा प्रसाईं भने फरार भएको भनिदैछ। दुर्गा आफैं फरार भएका होइनन् फरार गराइएका छन्। सयौं प्रहरीको घेरा तोडी प्रहरीमाथि जाइलाग्ने त्यस्ता कमाण्डरलाई तत्काल प्रहरीले नसामती त्यतिकै छोडिदिने भनेको प्रहरी प्रशासनको नालायकपनको उपज हो। हुनतः स्वयं प्रसाईं नै कतैबाट सञ्चालित भएका हुनाले पनि प्रहरी प्रशासन अलि हच्केको हुनुपर्दछ। पूर्व राजा ज्ञानेन्द्र र योगी आदित्यनाथको असली चेलो यतै निर्मल निवासमा आराम गरिरहेका छन् कि उता भारत उत्तर प्रदेशका मुख्य मन्त्री निवासमा बसी त्यहीबाट नेपालमा हिन्दूराज्य र राजा पुनर्स्थापन गराउने सपना बाँडिरहेका पो छन् कि ? जसरी हुन्छ सरकारले उनलाई गिरफ्तार गरी तत्काल मुद्दा चलाउनै पर्छ। नत्र भने सरकारको यस्तो नालायकी पनको पर्दाफास हुँदै जानेछ।

यहाँ उक्त हिंसात्मक आन्दोलनको मुख्य नेतृत्वकर्ता पूर्व पञ्चे नवराज सुवेदीलाई सरकारले आफ्नै घरमा नजरबन्द गरिएको भनिएको छ। तर त्यस्ता व्यक्तिलाई तत्काल गिरफ्तार नगरी घरमै राखिराख्नु अर्को सरकारको कमजोरी हो। औंलो दिँदा डुडुल्लो नै निलिसक्दा पनि अझैं सरकार ज्ञानेन्द्र र नवराजप्रति किन यति धेरै उदार बनिरहेको छ ? जनताहरुले प्रश्न उठाउन थालेका छन्। एकातिर प्रसाईंलाई फरार हुन दिनु भने अर्कोतिर ज्ञानेन्द्र र नवराजलाई अहिलेसम्म त्यत्तिकै छोडिराख्नु यो सरकारको कायरपन हो। कुरा गरेर मात्र हुन्न एक्सनमै जानु पर्दछ। सरकारले यो तिनकुने हिंसाका मुख्य दोषी पूर्व राजा ज्ञानेन्द्र अनि नवराज र दुर्गा प्रसाईं भएको भनी निर्णय गरेको १५ दिन पूरा भइसक्दा पनि अहिलेसम्म यिनीहरुलाई केही नगरी बसिरहनु, खाली मिश्र र धमल समशेरमा मात्र केन्द्रित हुनु आफैँमा शंका देखिंदैछ। अर्कोतिर यस्ता केहीलाई कारबाही गरे जस्तो गरी यसका मुख्य दोषीलाई उम्काने चालबाजी यो हो कि ? यदि यो नै भए कांग्रेस-एमाले अनि सरकार सबै जनताको नजरमा अपराधी नै ठहरिने छन्। अपराध गर्नुभन्दा अपराधीलाई उक्साउने र त्यस्तै अपराध ढाकछोप गर्न लगाउने सबै नै दोषी ठहरिन्छन्।

नत्र भने यो घटनामा ज्ञानेन्द्र र नवराजलाई तत्काल गिरफ्तार गरी कारबाहीका लागि जस्तो काम काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले गरेका छन्। ज्ञानेन्द्रको नाममा पूर्जी नै काटी क्षतिपूर्ति रकम असुल्ने हिम्मत उनले देखाएका छन्। यसको बारेमा केही पुराना पञ्चे-मण्डले र दरबारियाहरुले आपत्ति गरे पनि दुनियाँले बालेनलाई धन्यवाद दिइरहेका छन्। सामन्य एउटा नगर प्रमुखले यत्रो हिम्मत गर्न सक्छन् भने यो राष्ट्रको सिंगो राज्य सत्ता परिचालन गर्दै आएका प्रम ओली आजसम्म किन चुप लागी ज्ञानेन्द्र र नवराजलाई केही नगरी बसिरहेका छन् ? बाहिर देखिदा र भन्दा सिंह जस्तै तर भित्र काम र व्यवहारमा स्याल जस्तै ज्ञानेन्द्र र नवराजको डरले थुरथुर कामी बस्ने चाल प्रम ओली र देउवा सबैको देखिंदैछ।

यतिसम्मकि यसमा माओवादी प्रचण्डको समेत यस्तै चाल देखिदैछ। चैत १५ को दरबारिया 'कु'लाई विफल पारेको भन्ने तर यसबाट विस्तारै तर्किन थाले जस्तो देखिदैछ। भनिन्छ संग्लोभन्दा घाइते बाघ झन् बढी खतरनाक हुन्छ। ख्याल गरौं- पहिलेको ज्ञानेन्द्र- नवराज- दुर्गा- मिश्र -समशेर अनि पञ्चे-मण्डले र दरबारिया भन्दा अहिलेका यी सबै घायल झन बढी खतरनाक हुन सक्छन्। कुनै कारण फेरि यी सबै जागे भने यी सबैको पहिलो आक्रमण, झम्टाई र निशाना ओली- देउवा र प्रचण्ड-माधवहरुमाथि नै हुनेछ। अहिले यी सबै प्रतिगामीहरुलाई घायल पार्ने काम यी तिनै नेताहरु ओली-देउवा र प्रचण्डहरुबाट नै भएको छ। अब फेरि पनि यिनीहरुमाथि दया माया गरी औंलो दिम्दा अब डुडुल्लो मात्रै होइन सिंगै टाउको शरीर नै निलिदिनेमा यही कोही पनि पर्ने छैनन्। फेरि पनि सचेत र सावधान बनौं।

# फर्सीको मुन्टा खानुका यस्ता छन् फाइदा



एजेन्सी। हरियो सागपात मानव स्वास्थ्यका लागि निकै लाभदायक मानिन्छ। अझ हरियो साग खानाले आँखा तेजिलो हुने चिकित्सकहरु बताउँछन्। हरियो सागसब्जीमध्ये फर्सीको मुन्टामा अझ विशेष गुण हुन्छ। जुन मानव स्वास्थ्यका लागि निकै लाभदायी हुन्छ।

फर्सीको मुन्टा विभिन्न पौष्टिक तत्वले भरिएको हुन्छ। हाम्रो स्वास्थ्यको लागि निकै नै लाभदायी हुन्छ। फर्सीको मुन्टा खानाले विभिन्न रोगबाट छुटकारा पाउन सकिन्छ।

फर्सीको मुन्टामा भिटामिन ई, सी, ए, बी ६, पोटासियम, फोलिक एसिड, क्याल्सियम, कपर, प्रोटिन, म्याग्नेशियम, आइरन, फाइबर, फस्फोरस जस्ता खनिज पदार्थको राम्रो स्रोत रहेको हुन्छ, शरीरमा यि सबै तत्वको आवश्यक्ता पर्दछ।

युएसडीए नेशनल न्युट्रिएन्टको अध्ययनअनुसार फर्सीको पातमा यति धेरै गुणहरु हुन्छ कि खतरनाक रोगबाट जोगिन मद्दत गर्छ। फर्सीको पातलाई आफ्नो नियमित भोजनमा समावेश गरेर उच्च रक्तचाप, कोलेस्ट्रोल, क्यान्सर जस्ता खतरनाक रोगबाट सुरक्षीत रहन सक्नु हुनेछ।

**फर्सीको मुन्टा खानुको फाइदाः**

**पाचन प्रणाली** :

फर्सीको पातमा पाइने पोटासियमले तपाईंको पाचन प्रणालीलाई स्वस्थ राख्नमा मद्दत गर्छ। साथै फर्सीको पातको सेवनले तपाईंको उच्च रक्तचापलाई पनि नियन्त्रणमा राख्छ।

**कोलेस्ट्रोल** :

अहिलेको समयमा उच्च कोलेस्ट्रोलको समस्याले प्रायः जसो सबै पीडित छन्। तर, कोलेस्ट्रोलको समस्याबाट राहत पाउनका लागि फर्सीको पात भने निकै नै उपयोगी हुन्छ। फर्सीको पातमा पाइने फाइबरले कोलेस्ट्रोललाई नियन्त्रण गर्नुका साथै तपाईंको मुटुलाई पनि स्वस्थ राख्नमा मद्दत गर्छ।

**प्रजनन् क्षमता** :

तपाईँको विहे भइसकेको छ तर, अहिलेसम्म आमा वा बुबा बन्ने सौभाग्य पाउनु भएको छैन भने फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। किनकी फर्सीको पातको सागले नष्ट भएको टेस्टीकुलर र स्पर्म बन्ने प्रक्रियालाई मद्दत पुर्‍याउछ। जसको मद्दतले तपाईंको प्रजनन् क्षमतामा वृद्धि हुन्छ।

**आँखा** :

फर्सीको पातमा भिटामिन ए प्रसस्त मात्रामा पाइन्छ। जुन हाम्रो आँखाको लागि राम्रो हो। साथै आँखा कमजोर हुँदा फर्सीको पातको साग खानाले आँखाको रोशनी बढाउनमा मद्दत गर्छ।

**मधुमेह** :

मधुमेह रोग अहिलेको समयमा सुन्नमा सामान्य भएता पनि खतरनाक रोग हो। मधुमेह रोगबाट राहत पाउनका लागि फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। फर्सीको पातको सागमा हाइपोग्लिसिएमिक नामक तत्व हुन्छ जसले तपाईंको ग्लुकोजको मात्रालाई कम गर्नमा मद्दत गर्छ।

**छाला** : फर्सीको पातमा पर्याप्त मात्रामा भिटामीन सी पाइन्छ। भिटामीन सी छालाको लागि फाइदाजनक हुन्छ। भिटामीन सी ले छालामा भएको मृत तन्तुलाई निकाल्नमा मद्दत गर्नुका साथै छालालाई स्वस्थ बनाइ राख्छ।

**क्यान्सर** :

फाइबर एक यस्तो तत्व हो जसको सेवनले अनेक फाइदा हुन्छ। फर्सीको पातमा पाइने फाइबरले तपाईंको शरीरमा भएको क्यान्सर कोषीकाहरुलाई रोक्नमा मद्दत पुर्‍याउँछ।

# स्थापना दिवसमा खाद्यान्न सहयोग




बुटवल । बुटवल-११ देवीनगरस्थित साइनो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो स्थापना दिवसमा दृष्टिविहीनहरूलाई खाद्यान्न सहयोग गरेको छ । संस्थाले १५औं स्थापना दिवसको अवसर पारेर बुटवल-१३ जीतगढीस्थित रुपन्देही दृष्टिविहीन एकता समाज केन्द्रलाई बिहीबार खाद्यान्न वितरण तथा नयाँ वर्ष २०८२ को शुभकामना आदान प्रदान गरेको हो ।

संस्थाका तर्फबाट सहकारीका अध्यक्ष भोजबहादुर केसी र पथ प्रदर्शक सहकारी संस्थाका अध्यक्ष लिलाबहादुर केसीले दश हजार रुपैयाँ बराबरको खाद्यान्न एकता समाज केन्द्रलाई हस्तान्तरण गरे ।

सो अवसरमा बोल्दै पथ प्रदर्शक सहकारी संस्थाका अध्यक्ष लिलाबहादुर केसीले सहकारीले सामाजिक क्षेत्रमा काम गर्दै जानुपर्ने बताए ।

साइनो बचत तथा ऋण सहकारीका अध्यक्ष भोजबहादुर केसी आफूहरुले समय-समयमा संघ संस्थालाई सहयोग गर्दै आइरहेको बताए । आश्रमका प्रदीप चौधरीले आफूले मनकारी संस्था व्यक्तिको सहयोग निरन्तर आवश्यक रहेको जनाए ।

कार्यक्रम संयोजक अर्जुन कुँवरले आर्थिक अभाव रहेका संघ र संस्थालाई आफूले निन्तरण खाद्यान्न सहयोग प्रदान गर्दै आइरहेको बताए । संयोजक कुँवरले आगामी दिनमा पनि सहयोगका हातहरु सहकारीले फैलाउँदै जाने प्रतिबद्धता पनि व्यक्त गरेका थिए ।

कार्यक्रममा सहकारीका सल्लाहकार विक्रम खड्कालगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन अशोक कुँवरले गरेका थिए । २०६८ मा स्थापना भएको सहकारीमा ६०० भन्दा बढी शेयर सदस्य रहेका छन् ।

# सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन सामग्री

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकाले सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन सामग्री प्रदान गरेको छ । मनसुनजन्य विपद्को जोखिममा रहेको गैंडाकोट नगरपालिकाले सशस्त्र प्रहरी बललाई रु पाँच लाख ५० हजार बराबरको 'र्‍याफ्टिङ बोट' सहितको एक सेट सामग्री प्रदान गरेको हो ।

नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समितिमार्फत पालिकाले र्‍याफ्टिङ बोट एउटा, लाइफ ज्याकेट छ थान, हेलमेट छ थान, प्याडल छ थान, बोटमा हावा भर्ने ह्याण्डपम्प र हावा नाप्ने मिटर एक-एक थान गैंडाकोटको भेडाबारीस्थित सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटरलाई प्रदान गरिएको हो । नगरप्रमुख मदनभक्त अधिकारीले कार्यपालिकाको बैठकबाट निर्णय गरेर उद्धारका सामग्री खरिद गरेर प्रदान गरिएको बताए ।

"मनसुनजन्य विपद्को हिसाबले नवलपुरको गैंडाकोट जोखिमयुक्त क्षेत्र हो, यहाँ बर्सेनि बाढीबाट ठूलो क्षति हुने गरेको छ", उनले भने-"विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सहयोग पुर्याउने हिसाबले सशस्त्र प्रहरीलाई बाढीजन्य घटनामा उद्धार गर्न सहज होस् भनेर सहयोग गरिएको हो ।"

गैंडाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत झविन्द्र खनालले बाढीपहिरो, आगलागीजस्ता विपद्का घटना पालिकामा बर्सेनि हुने गरेको भन्दै विपद् व्यवस्थापनका लागि नीतिगत निर्णय गरेर अगाडि बढेको बताए । "बाढीजन्य विपद् न्यूनीकरणका लागि उपकरण खरिद गरेर सशस्त्र प्रहरीलाई प्रदान गर्यौं", उनले भने-"आगलागीबाट हुने क्षति न्यूनीकरणका लागि दमकल खरिदको प्रक्रिया अगाडि बढाइसेका छौं ।" सशस्त्र प्रहरीसँग गोताखोरसहितका तालिमप्राप्त दक्ष जनशक्ति भएको तर आवश्यक उद्धारका सामग्री नभएको गुनासो आएपछि र्‍याफ्टिङ डुङ्गाको एक सेट खरिद गरी प्रदान गरिएको उनको भनाइ छ ।

उक्त विपद् व्यवस्थापन सामग्री हस्तान्तरणका क्रममा सशस्त्र प्रहरी बल नम्बर ३१ गुल्म हेडक्वाटर भेडाबारीका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक विनोद कार्कीले आफूहरूले अतिआवश्यक सामग्री प्राप्त गरेको बताए । "हामीसँग तालिमप्राप्त दक्ष जनशक्ति पर्याप्त थियो तर बाढीजन्य विपद्मा उद्धार गर्न प्रयोग गरिने सामग्रीको अतिआवश्यक थियो", उनले भने-"तालिमप्राप्त जनशक्तिले मात्रै नदीमा उद्धार गर्न सम्भव थिएन, अब हामीलाई सहज हुनेछ ।" दक्ष जनशक्तिलाई आवश्यक पर्ने उद्धार सामग्री प्राप्त भएपछि स्थानीय नागरिकको उद्धारमा सहयोग पुग्ने उनले जनाए ।

गैंडाकोट नगरपालिकामा कालीगण्डकी नदी र नारायणी नदीले बर्सेनि क्षति पुर्‍याउने गरेको छ । कालीगण्डकी नदीको कटान तथा नारायणीको बाढीले बर्सेनि गैंडाकोटमा ठूलो क्षति पुर्‍याउँदै आएको छ ।

---

**सिद्धार्थनगरको....**

माग पूरा गराउन दबाब दिन सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवालीको संयोजकत्वमा संघर्ष समिति समेत गठन गरिएको छ । अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर भएको करिब एक खर्ब लगानीले प्रतिफल दिनुको साटो डुब्ने चिन्ताले व्यवसायी आक्रोशित छन् ।

मंसिर पहिलो साता एक नेपाली र चार विदेशी वायुसेवा कम्पनी कतार एयरवेज, थाइ एयर एसिया, फ्लाइ दुबई, जजीराले उडान सुरु गरे पनि एक महिना 'भिजिबिलिटी' को समस्या र कतिपयले यात्रु अभावका कारण देखाउँदै उडान रोकेका थिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले भिजिबिलिटीको समस्या समाधान गर्न आइएलएसको विकल्पमा आरएनपीएआर प्रविधि लागू गरेपछि चैत १६ गतेसम्म विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सुचारु भएका थिए ।

यो बिचमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मतका लागि केही घण्टा बन्द रहेको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतपछि १८ घण्टा सञ्चालनमा आउन थालेपछि भैरहवाबाट अन्तर्राष्ट्रिय उडान बन्द हुन थाले । यहाँका व्यवसायीले सरकार र सम्बन्धित मन्त्रालयका उच्च पदस्थ कर्मचारी काठमाडौं केन्द्रित व्यवसायीको अनुचित दबाब र प्रभावमा परेर गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित गर्न नचाहेको आशंका गरिरहेका छन् ।

वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुका लागि म्यानपावर कम्पनीका कार्यालयहरु र श्रम तथा स्वास्थ्य परीक्षण कार्यालयहरुको स्थापना नहुँदा एअरलाइन्स कम्पनीलाई यात्रु अभावको बहाना भएको व्यवसायीको तर्क छ ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री हुँदा गौतमबुद्ध विमानस्थल पूर्णक्षमतामा चल्न नदिइएको टुर तथा ट्राभल व्यवसायीको गुनासो रहेको छ ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।११।२३ गते बर्दघाटदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** सुर्य प्रसाद पाण्डे
**ठेगाना :** बिर्घा अर्चले गा.पा.-३, स्याङ्जा हाल बर्दघाट न.पा.-१४, नवलपरासी
**बिमालेख नं. :** १५००२३८०६
**सम्पर्क :** ९८४३६८४६१९


# लुम्बिनी कप महिला फुटबलमा आठ समूह खेल्ने

बाँके । आगामी बैशाख ५ गतेदेखि सुरु हुने लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगितामा आठ समूह सहभागी हुने भएका छन् ।

नेपालगञ्ज रङ्गशालामा हुने खेलमा नेपालका तीन विभागीय टोली, भारतको सिलगुडी फुटबल क्लबसहित आठ समूहको सहभागिता रहने आयोजक अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले बताए । उनका अनुसार प्रतियोगितामा घरेलु टिम बाँके-११, सशस्त्र प्रहरी बलको एपिएफ, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, कर्णाली एफसी, सुदूरपश्चिम एफसी, सिलगुडी फुटबल क्लब, रौतहट जिल्ला फुटबल सङ्घ समूहले प्रतिस्पर्धा गर्नेछन् ।

बाँके जिल्ला फुटबल सङ्घको सहकार्यमा हुन लागेको प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख पाँच हजार ५५५ र उपविजेता टोलीले रु दुई लाख ५० हजार, ट्रफी र मेडल प्राप्त गर्नेछन् । हरेक खेलमा उत्कृष्ट खेलाडी र प्रतियोगितामा विधागततर्फ उत्कृष्ट हुनेलाई पुरस्कृत गरिने अन्तरालका कार्यकारी निर्देशक शाहले जानकारी दिए ।

उनका अनुसार प्रतियोगिता हेर्नका लागि 'सिजनल फुल प्याकेज' रु एक हजार ५०० र विद्यार्थीका लागि सहुलियतमा टिकट व्यवस्था गरिएको छ । खेल हेर्नका लागि प्यारापिटअनुसार टिकटको व्यवस्था गरिएको छ ।


## शुद्धोदन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ उत्खनन् घाटगद्दी एवं बिक्री गर्ने कार्यको बोलपत्र आव्हानको सूचना (विद्युतिय बोलपत्र)

(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ 'क',नेपाल सरकारबाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७"र यस गाउँपालिकाको सार्वजनिक खरीद नियमावली२०७६बमोजिम तपसिलमा उल्लेखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् एवं बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | उत्खनन् गरिने नदी र घाटको नाम | उत्खनन् गर्नुपर्ने परिणाम (घ.फि.) | न्यूनतम कबोल रकम रु. (मू.अ.कर बाहेक) | धरौटी | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | आय/०५/०८१-८२ (Income/ SRM/०५/०८१-८२) | दानव नदीको सिसौघारी घाट वडा नं.२ | ३५७६९८.५४ | ४६५००८१.०२ | मू.अ.कर सहितको कबोल अंकको ५ प्रतिशतले हुने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | ३०००.०० |
| २ | आय/०६/०८१-८२ (Income/ SRM/०६/०८१-८२) | दानव नदीको कोलुवाघाट, वडा नं.२ | २२८५८६.४५ | २९७१६२३.८५ | | ३०००.०० |
| ३ | आय/०७/०८१-८२ (Income/ SRM/०७/०८१-८२) | दानव नदीको नौडिहवा र गुरौली भैरहवा घाट, वडा नं.६ | २४७८३४.६३ | ३२२१८५०.१९ | | ३०००.०० |
| ४ | आय/०८/०८१-८२ (Income/ SRM/०८/०८१-८२) | दानव नदीको बेलवा घाट, वडा नं.१ | ३८०६४६.८३ | ४९४८४०८.७९ | | ३०००.०० |
| ५ | आय/०९/०८१-८२ (Income/ SRM/०९/०८१-८२) | दानव नदीको गुरौली घाट, वडा नं.६ | ११९५४७६.५३ | १५५४११९४.८९ | | ३०००.०० |
| ६ | आय/१०/०८१-८२ (Income/ SRM/१०/०८१-८२) | दानव नदीको सिसवा घाट, वडा नं. ७ | २६०४७४.७६ | ३३८६१७१.८८ | | ३०००.०० |
| ७ | आय/११/०८१-८२ (Income/ SRM/११/०८१-८२) | दानव नदीको बोहरवा घाट, वडा नं.७ | ५३०३९९.४१ | ६८९५१९२.३३ | | ३०००.०० |
| ८ | आय/१२/०८१/-२ (Income/ SRM/१२/०८१-८२) | तिनाउ नदीको बाँसघारीघाट, वडा नं.३ | ४३६१८२.७५ | ७८५१२८९.५० | | ३०००.०० |

**नोटः** बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय : २०८२/०१/२८ गते १२:०० बजे सम्म ।

(ठेक्का सम्बन्धि शर्तहरु सहितको सूचनाको पूर्णरुप यस कार्यालयको वेवसाइट www.shuddhodhanmunrupandehi.gov.np वा www.bolpatra.gov.np/egp बाट डाउनलोड गर्न वा कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ । )

(थप जानकारीका लागि ०७१-४२३०४१, ९८४७५३३६३३ ) **प्रमुख प्रशासकिय अधिकृत**



## Tansen Municipality
## Office of Municipal Executive
**Tansen, Palpa**

## Invitation for Online Bids

Date of publication: 2081/12/29(April 11, 2025)

Tansen Municipality Office, Tansen,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Rastriya Banijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/ Goods/NCB/ 24/2081-82 | Construction and Beautification Works at terso sadak ,Ward no 4 Palpa | 12561195 | 3000.00 | 315000 | 2082/01/28 12.00 Pm (May 11 2025) |

Chief Administrative Officer
Tansen Municipality Office



## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## आशयको सूचना

**प्रकाशित मिति : २०८१/१२/२९**

विषय : यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका निर्माण कार्यका लागि दर्ता हुन आएका इलेक्ट्रोनिक दरभाउपत्रहरु मूल्याङ्कन हुँदा तपशिल दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयपत्रको सूचना जारी गरिएको छ ।

तपशिल :

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र प्रोभिज्नल सम बाहेक) |
|---|---|---|---|---|
| १. | २६/KM/SQ/ २०८१-०८२ | वडा कार्यालय भवन कम्पाउण्ड निर्माण वडा नं. ६ | सिरधान मल्टी कन्सट्रक्सन कावासोती १७ नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ९,८७,३३८।२० |

**प्रमुख प्रशासकीय अधिकृत**



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# प्रधानमन्त्री ओली आज बुटवल आउँदै

बुटवल । नेकपा (एमाले) ले चैत २९ गते (आज)शुक्रबार बुटवलमा आयोजना गर्न लागेको जनसभामा ५० हजार जनता उतार्ने दाबी गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा हुने कार्यक्रमको तयारी पूरा भएको एमाले लुम्बिनी प्रदेश प्रचार विभागले पत्रकार सम्मेलनमार्फत् जनाएको हो।

पत्रकार सम्मेलनमा बोल्दै एमाले लुम्बिनी इञ्चार्ज पद्मा अर्यालले नागरिकमा नकारात्मक भ्रम फैलाएर स्वार्थको रोटी सेक्ने कोसिस भैरहेको भन्दै यसलाई चिर्न र पछिल्ला दिनमा लोकतन्त्रविरोधी गतिविधि हुन थालेको भन्दै त्यसकाविरुद्ध जनतालाई जागरूक बनाउने मुख्य उद्देश्यका साथ जनसभा आयोजना हुन लागेको बताइन्।

मुलुकमा राजनीतिक अस्थिरता र प्रतिगामी तत्वहरु सल्वलाएकाले जनतालाई सचेत गराउन आवश्यक रहेको उनले बताइन्। एमालेको मिसन ०८४ र समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई कमजोर बनाउन प्रतिगामीहरुले अराजक गतिविधि बढाइएको उनको दाबी छ।

रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले रुपन्देहीका १६ वटै पालिका कमिटी, वडा कमिटी, जनसंगठनको बैठक गरेर पार्टीले आवश्यक जनपरिचालनको योजनालाई कार्यान्वयन गर्ने बताउँदै ५० हजार मानिसलाई सडकमा उतार्ने गरी कार्ययोजना अगाडि बढाएको जानकारी दिए।

एमाले लुम्बिनी प्रदेश प्रचार विभागका प्रमुख मिनप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विभाग सचिव प्रदिप आचार्यको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो।

# हावाहुरीले तानसेन महोत्सव स्थगित



कृष्ण पोखरेल
पाल्पा

दुई दिनसम्म परेको असिना पानी र हावाहुरीको कारण तानसेनमा चलेको महोत्सवसहित स्थानीयको घर र गोठमा क्षति पुगेको छ। चैत २२ गतेबाट तानसेन टुँडिखेल मैदानमा चलेको महोत्सवको स्टेज र स्टलहरूमा क्षति पुगेपछि महोत्सव स्थगित गरिएको छ। व्यापारीहरुको स्टलहरुमा बिक्रीका लागि राखिएका सरसमानहरु, बालउद्यान, स्टेजसहित सबैजसो संरचनमा क्षति पुगेको आयोजक पाल्पा व्यापार संघले जनाएको छ।

स्टलमा बिक्रीको लागि राखिएका व्यापारीहरुको करोडौ रुपैयाँ सरसमानहरुमा क्षति पुगेको र मुख्य मञ्चमा सजावटको लागि राखिएका लाइट, साउण्ड सिष्टम, डिस प्ले बोर्डलगायतका सरसमानहरुको ठूलो क्षति पुगेको आयोजक पाल्पा व्यापार संघले जनाएको छ। हावाहुरीको कारण अधिकांश सरसमान भिजेको छ भने केही काम नलाग्ने गरी बिग्रिएको छ। बालउद्यानका सरसमानहरु समेत भताभुंग र लथालिंग भएका छन्। महोत्सवका अधिकांश स्टलहरुको नाम निसाना हराएको छ। व्यापारिक स्टलहरुमा पानी जमेको छ।

महोत्सव स्थलको पुनःव्यवस्थापनका लागि हाललाई महोत्सव स्थगित गरिएको पाल्पा व्यापार संघका महासचिव तुलबहादुर अधिकारीले बताए। स्टलमा भएको क्षति मूल्याङ्कनको लागि व्यापारीहरुलाई फारम वितरण गरिएको, व्यापारीहरुबाट आएको क्षतिको विवरण तानसेन नगरपालिकाको संयोजकत्वमा जिल्ला प्रशासनसहित ५ सदस्यीय मूल्याङ्कन समितिले सार्वजनिक गर्ने जनाएको छ।

जिल्लाको तानसेन नगरपालिकासहित पूर्वखोला, तिनाउ, बगनासकाली, निस्दी र रैनादेवी छहरा गाउँपालिकामा स्थानीयको घर र गोठमा क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ। तानसेन नगरपालिका ५ मा पाल्पा-गुल्मी पक्की सडक खण्डमा विद्युत् सबस्टेशन नजिकैको बिजुलीको तार सडकमा झरेपछि सडक बन्द भएको थियो। पूर्वखोला गाउँपालिका २ मैदानमा खेमिसरा घर्तीको ३ तले घरको जस्तापाताको छानो उडाएको छ। वडा नं. ६ हेक्लाङ पोखराथोकमा गंगीसरा सिंजालीको एकतले घरको छानो उडाएको छ।

तिनाउ गाउँपालिका ६ मस्याममा दिलकुमारी रानाको २ तले कच्ची घरको जस्तापाताको छानो उडाएको छ। त्यस्तै टेकबहादुर बुचाको जस्ता पाताले छाएको गोठको छानो उठाएको छ। बगनासकाली गाउँपालिका ९ झिरभञ्ज्याङमा भिमबहादुर सोमइको होटेल व्यावसाय गर्ने कटेजको छानो उठाएको छ। यस्तै निस्दी गाउँपालिका ६ मौलाथरका कदमसिंह सोमइको २ तले घरको जस्तापाताको छानो उडाएको छ। रैनादेवी छहरा गाउँपालिका ६ बल्डेङ्गढीको सूर्यमुखी प्राथमिक विद्यालयको ३ कोठे भवनको जस्तापाताको छानो उडाएको छ। त्यस्तै ६ नम्बर वडा कार्यालय भवनको जस्ताको छानो उडाएको गाउँपालिकाले जनाएको छ।

# मानवअधिकारको सवालमा लुम्बिनी सरकार संवेदनशिल छ : घर्ती




बुटवल । लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीमगरले मानवअधिकारकर्मीहरुको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकार संवेदनशिल रहेको बताएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक लुम्बिनी प्रदेशले चैत २८ गते बुटवलमा आयोजना गरेको मानवअधिकार रक्षकको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकारको भूमिका विषयक कार्यशालामा बोल्दै सभामुख घर्तीले यस्तो कुरा बताएका हुन्।

सभामुख घर्तीले सबै नागरिकको संरक्षण गर्ने दायित्व राज्यको भएकोले संविधानले व्यवस्था गरेका मौलिक हकहरुको कार्यान्वयनका विषयमा राज्य संवेदनशिल हुनुपर्ने बताउँदै अरुको अधिकारको निम्ति काम गर्ने मानवअधिकार कर्मीहरुको सुरक्षा र संरक्षणका लागि मानवअधिकार रक्षक कानून निर्माणका लागि प्रदेशको सभामुखको हैसियतले प्रदेश सरकारलाई निर्देशन दिने बताए। सभामुख घर्तीले संसदले कानुन निर्माण गर्ने र सरकारले कार्यान्वयन गराउने जिम्मेवारी भएकोले मानवअधिकार रक्षकहरुको रक्षाका लागि मानवअधिकार रक्षक विधेयक निर्माणका लागि महत्वपूर्ण भूमिका खेल्ने जनाए।

कार्यक्रममा नेकपा एमाले संसदीय दलका उपनेता तथा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षण गर्ने खालका कानुन निर्माणका लागि आफूहरुको ध्यान आकर्षण भएकोले प्रदेश सरकारसँग त्यस विषयमा बुझ्ने र कानून निर्माणका लागि पहल गर्ने बताए।

कार्यक्रममा एमाले संसदीय दलका प्रमुख सचेतक तथा प्रदेश सभा सदस्य तुल्सीप्रसाद चौधरीले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षण सम्बनधी विधेयक छिटोभन्दा छिटो ल्याउनका लागि आफुहरु प्रतिबद्ध रहेको जनाए।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व सामाजिक विकास मन्त्री रत्ना खत्रीले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षणका लागि मानवअधिकार रक्षक कानून महत्वपूर्ण रहेको बताउँदै कानुन निर्माणका लागि प्रदेशसभा सदस्यको हैसियतले संवेदनशिल भएर लाग्ने बता।

कार्यक्रममा प्रदेशसभा सदस्य तथा पूर्व सामाजिक विकास मन्त्री चन्द्रकेशको गुप्ताले मानवअधिकारको पक्षमा आवाज उठाउनका लागि आफुले कुनै कसर नराख्ने जनाए।

कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले विगत लामो समयदेखि मानवअधिकार र सामाजिक न्यायका पक्षमा काम गर्दै आइरहेको सन्दर्भमा मानवअधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षणको विषयमा अहिलेसम्म राज्यले वेवास्ता गरेकाले अवका दिनमा कसरी मानवअधिकार रक्षकमैत्री कानून निर्माण गर्न सकिन्छ भन्ने विषयमा मानवअधिकार रक्षक विधेयकको डाफ्ट बनाइ पटक पटक छलफल गरिरहेको स्पष्टपारेका थिए।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग लुम्बिनी प्रदेश प्रमुख हरिप्रसाद ज्ञवालीले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षण गर्ने दायित्व राज्यको भएकोले मानवअधिकार रक्षकको सुरक्षाका लागि मानवअधिकार रक्षक कानू आवश्यक रहेकोले कानून निर्माणका लागि लागि ढिला गर्न नहुने बताए।

कार्यक्रममा वरिष्ठ अधिवक्ता शिवप्रसाद गौडेलले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षणका लागि राज्यले अहिलेसम्म कुनै पहल नगर्नु दुःखद भएको भन्दै मानवअधिकार रक्षकहरुको कानुन महत्वपूर्ण विषय भएकोले यसका लागि ढिला गर्न नहुने जनाए।

कार्यक्रममा पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले पछाडि पारिएका समुदायसम्म मानवअधिकारका विभिन्न सवालहरु पुऱ्याउनका लागि इन्सेकको महत्वपूर्ण भूमिका रहेको बताए।

कार्यक्रममा उच्च अदालत बार बुटवल इजलासका अध्यक्ष गोविन्दप्रसाद मरासिनी, राष्ट्रिय अपांग महासंघ लुमिबनी प्रदेशका अध्यक्ष हुमनाथ अधिकारीलगायतले मानवअधिकार रक्षकहरुको सुरक्षा र संरक्षणका लागि मानवअधिकार रक्षक कानून महत्वपूर्ण रहेकोले प्रदेश सभाका सांसदहरुलाई संवेदनशिल हुन र मानवअधिकार रक्षक कानून निर्माण महत्वपूर्ण भूमिका खेल्न आग्रह गरेका थिए।

कार्यक्रम इन्सेक लुम्बिनी प्रदेश प्रमुख भोला महतको अध्यक्षता जिल्ला प्रतिनिधि रीमा बि.सी.को सञ्चालनमा सम्पन्न भएको थियो।

# बुटवल उप-महानगरपालिकाको वडाबाट राष्ट्रिय परिचयपत्र वितरण सुरु




बुटवल । बुटवल उप-महानगरपालिकाले वडाबाट नै राष्ट्रिय परिचयपत्र वितरण सुरु गरेको छ। पञ्जिकरण महाशाखाबाट खटिएका अधिकृतहरूसहितको बैठकले बुटवलका वडाहरुबाट नै परिचयत्र वितरण गर्ने निर्णय गरेअनुसार बुटवल ३, ४, ८ लगायतका वडाहरुबाट वितरण शुरु भएको हो।

राष्ट्रिय परिचयपत्र वितरण गर्दै बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयबाट वितरण हुने राष्ट्रिय परिचयपत्र स्थानीय तहका वडा कार्यालयमार्फत् वितरण हुनु स्वातयोग्य भएको भन्दै त्यसमा सहजीकरण गरिएको बताए।

उनले परिचयपत्र वितरणका क्रममा कुनै समस्या आएमा सम्बन्धित निकायसँग छलफल गरेर समाधान गर्ने जनाए।

उप-प्रमुख सावित्रादेवी अर्यालले जनताको सहजताका लागि स्थानीय तहमार्फत् परिचयपत्र वितरण गर्ने व्यवस्था भएको भन्दै सहज रूपमा परिचयपत्र वितरणमा जनप्रतिनिधिले सहजीकरण गर्न जरुरी रहेको बताइन्।

रूपन्देही जिल्लामा बुटवलबाट सुरु हुन लागेको परिचयपत्र वितरण पहिलो चरणमा बुटवलको वडा नं. २,३,४,५,७,८ र ९ सम्मका ४६ हजार ९८० जनालाई राष्ट्रिय परिचयपत्र तथा १ हजार २६२ गरिब घरपरिवार परिचयपत्र वितरण गरिने नगरप्रमुख पाण्डेयले जानकारी दिए।

परिचयपत्र लिन स्वयं व्यक्ति उपस्थित हुनुपर्ने र परिचयपत्र लिन आउँदा आवेदन फारम भरेको भर्पाई लिएर आउनुपर्ने, त्यो नभए नागरिकताको प्रतिलिपी लिएर आउनुपर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका कर्मचारीहरूको भनाइ छ।

# कारागारमा सीप सिक्दै आम्दानी गर्दै कैदीबन्दी




गुल्मी । जिल्ला कारागारमा रहेका कैदीबन्दी यतिबेला उद्योग कर्ममा रमाउन थालेका छन्। कारागारमा दुई वर्षदेखि काष्ठकला र फर्निचर उद्योग स्थापना गरेर यहाँका कैदीबन्दीले मासिक रूपमा न्यूनतम रु सातदेखि रु ४५ हजारसम्म कमाउँदै आएका छन्।

कारागारभित्रको खाली समयलाई सदुपयोग गर्दै सीप सिकेर कैदीबन्दीले घर खर्च चलाउँदै आएका छन्। दिनहुँ बिहानदेखि बेलुका अबेरसम्म कोही फर्निचरमा कोही बाँसका मुढा बुन्ने काममा व्यस्त बनेको देखिन्छ। कारागारमा पहिलोपटक पुग्ने जोकोही पनि यहाँका कैदीबन्दीको काम देखेर आफैँमा दङ्ग पर्ने गर्छन्।

गुल्मी कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको अनुभूति हुन्छ। कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको भए पनि कारगारको जग्गा र संरचना अभावमा समस्या भएको कारागारका प्रमुख रेश्मीराज पन्थीले बताए। आफूले बाहिर पनि काष्ठकलाकै काम गरेर ३० वर्ष बिताएको हुँदा कारागारमा पनि राम्रै कमाइ हुने गरेको एक कैदीले बताए। उनले मासिक रु ४५ हजारसम्म कमाउँदै आएको जनाउँदै समय कटाउन र घरखर्च व्यवस्थापन गर्न धेरै सजिलो भएको बताए।

कारागारमा सबैभन्दा धेरै काष्ठकला र फर्निचरको काम गर्ने कैदीबन्दीको कमाइ धेरै हुने गर्दछ। काष्ठकलाका अतिरिक्त घरेलु हस्तकलाको काम गर्नेहरूको कमाइ पनि राम्रो छ। कारागारमा ३० जनाभन्दा बढीले काठको काम गर्ने र ४१ जना कैदीबन्दीले मुढाको काम गर्दै आएका छन्। कारागारमा बाँसको सिन्का चिर्ने र बुट्टा बनाउनेको न्यूनतम रकम मासिक रु सात हजार हुने गरेको चौकीदार हरिबहादुर थापाले बताए।

उनका अनुसार कारागारमा सबैभन्दा बढी मूल्य पर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोस निर्माण गरिन्छ। त्यसको मूल्य रु आठ लाख पर्दछ। एउटा चौकोस निर्माण गर्न तीन जनाले एक महिनामा काम गर्नुपर्छ। त्यस्तै भक्तपुरे आँखीझ्याल, फोटो फ्रेम, सोफा, दराज, टेबललगायत आवश्यकताअनुसार सबै फर्निचरका सामग्री निर्माण गरिन्छ।

यहाँका काष्ठकलाका सामग्री व्यक्तिगत साथै सरकारी कार्यालय र मठमन्दिरमा समेत प्रयोग भइरहेका छन्। बजार क्षेत्रमा रहेका अन्य फर्निचर उद्योगमा भन्दा कारागारमा उत्पादन गरिएका सामग्री राम्रो र सस्तो भएका कारण यहाँका स्थानीय सामान किन्न कारागार पुग्ने गर्दछन्।

गुल्मी कारागारको सबैभन्दा पुरानो उत्पादन बाँसका मुढा हो। कारागारका ४१ जनाले दैनिक मुढा बुन्छन्। बजारमा मुढाको माग धेरै छ। मागअनुसार आपूर्ति गर्न नसकिएको कारागार प्रशासनले जनाएको छ। काष्ठकला, फर्निचर र मुढा जिल्लामै सबैभन्दा बढी खपत हुने गरेको चौकीदार थापा बताउँछन्। त्यसका अतिरिक्त पुरुषहरूले बाहेक महिला कैदीबन्दीले वर्षौंदेखि घरेलु हस्तकलाका सल, टोपी, सुटपाइन्ट, सुइटरलगायत सामग्री बुन्ने गरेका छन्। यहाँ उत्पादित सामग्री पोखरा, पाल्पा, काठमाडौं, रसुवा, इलाम, सिराहादेखि जापानमा समेत कोसेलीका रुपमा पुग्ने गरेको चौकीदार थापाले जानकारी दिए।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com